# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 12.03.2025**

## CM-Gyalpo Losar: Madhu Sharma

दक्षिण सिक्किमको पर्बिङमा आज राज्य स्तरीय ग्याल्पो लोसार विभिन्न कार्यक्रमका साथ सम्पन्न भयो। समारोहमा मुख्यमन्त्री प्रेमसिंह तामाङ उपस्थित हुनुहुन्थ्यो। समारोहलाई सम्बोधन गर्दै श्री तामाङले यो पर्व सिक्किमको सामुदायिक पर्व भएको बताउनुभयो। उहाँले शेर्पा समुदायका बुद्धिजीवीहरू भाषा, साहित्य, संस्कृति र परम्पराको संरक्षण गर्न अग्रसर भई अघि आइदिन अनुरोध गर्दै, भाषा-साहित्य लोप भएको खण्डमा जातिको अस्तित्व नै समाप्त हुन्छ भन्नुभयो र राज्यका भाषाहरू बचाउन सरकारले भाषा शिक्षकहरू खोजी खोजी नियुक्त गरिरहेको जानकारी दिनुभयो। साथै, उहाँले विधार्थीहरूले अनिवार्य रूपमा आफ्नो भाषा पास गर्नुपर्ने कानुन बनाउने पनि जानकारी दिनुभयो। साथै, उहाँले वर्तमान सरकारले शेर्पा समुदायका निम्ति धैरै काम गरेको दाबी गर्नुभयो। श्री तामाङले मुख्यमन्त्री राहत कोषबाट उच्च शिक्षाका निम्ति सहयोग प्राप्त भइरहेको र अब निजी स्कुलबाट पढ्नेलाई सहयोग नगरेर सरकारी स्कुलबाट पास गर्नेलाई मात्र सहयोग गर्ने बताउनुभयो। उहाँले उपस्थित सबै समुदायलाई आफ्नो भाषा बोलीदिन अनुरोध गर्नुभयो। सिक्किमको इतिहासमा पहिलो पटक शेर्पा समुदायबाट मन्त्री साथै सिक्किम विधानसभा अध्यक्ष बनाएर इतिहास कायम भएको पनि बताउनुभयो। कार्यक्रममा शेर्पा समुदायको पुस्तक विमोचन गरिएको थियो र शेर्पा समुदायले मुख्यमन्त्री श्री तामाङ र क्षेत्र विधायक सञ्जीत खरेललाई अभिनन्दन जनाइयो। समारोहलाई सिक्किम विधानसभा अध्यक्ष एमएन शेर्पा र क्षेत्र विधायक सञ्जित खरेलले पनि सम्बोधन गर्नुभयो।

## Governor-Sulabh Alkem Award: IPR/Ajay Thami

राज्यपाल ओम प्रकाश माथुर आज पाकिममा आयोजित **आगाज-प्लस** परियोजना अन्तर्गत सरसफाइ तथा स्वच्छतामा उत्कृष्ट अभ्यासहरूलाई पहिचान गरिने **सुलभ अल्केम पुरस्कार 2024** समारोहमा उपस्थित हुनुभयो। यस पहलले कन्याहरूको शिक्षा र सशक्तिकरणमा विशेष ध्यान केन्द्रित गर्दै, विद्यालयहरूमा पहुँचयोग्य र किफायती स्वच्छतालाई बढावा दिंदछ। कार्यक्रममा राज्यपालले भारतीय विमानस्थल प्राधिकरणको CSR पहल, एकीकृत बहुउद्देश्यीय सामुदायिक भवनको पनि उद्घाटन गर्नुभयो। श्री माथुरले आफ्नो सम्बोधनमा स्वच्छता एवं सरसफाइको महत्त्वलाई जोड दिँदै, सुलभ सरसफाइ क्लब र अल्केम फाउन्डेसनलाई शिक्षा क्षेत्रमा **आगाज-प्लस** परियोजना अघि सारेकामा उनीहरूको प्रयासको प्रशंसा गर्नुभयो। पाकिमका जिल्लापालले दैनिक जीवनमा सरसफाइ तथा स्वच्छताको महत्त्व र उचित शौचालयको आवश्यकताबारे बताउनुभयो। उहाँले यी मूल्यमान्यतालाई विद्यालयमा समाहित गरेकामा सुलभ सरसफाइ क्लबप्रति आभार व्यक्त गर्दै, जिल्ला प्रशासनको पहलमा निरन्तर सहयोग गर्ने आश्वासन दिनुभयो।

## CBC-Viksit Bharat:RNU

केन्द्रीय सञ्चार ब्यूरोले भारत सरकारको पत्र सूचना कार्यालय गान्तोकको सहयोगमा आज तादोङस्थित नरबहादुर भण्डारी डिग्री कलेजमा 'एक पेड माँ के नाम', 'फिट इन्डिया' र 'स्वच्छता ही सेवा' विषयहरू समेटिएको एकीकृत सामुदायिक आउटरिच कार्यक्रम **"VIKSIT BHARAT@2047"** आयोजना गऱ्यो। कार्यक्रममा स्वच्छ भारत मिशनका राज्य मिशन निर्देशक, जिग्मे भोटिया मुख्य अतिथि हुनुहन्थ्यो। श्री भोटियाले सम्बोधनमा युवा विद्यार्थीहरू विकसित भारतका मशालवाहक भएको बताउँदै, आफ्नो व्यक्तिगत जीवनमा सरसफाइमा जोड दिन र एकल प्रयोग प्लास्टिकको प्रयोग नगर्न आग्रह गर्नुभयो। त्यसबाहेक, उहाँले यस्तो कार्यद्वारा हामी आफ्नो राज्यको प्रगति सुनिश्चित गर्न सक्छौँ र प्रत्येक राज्यले आफ्नो विकास सुनिश्चित गरेपछि राष्ट्र २०४७ सम्ममा 'विकसित भारत' बन्न सक्छ भन्नुभयो। त्यसबाहेक कार्यक्रममा स्वच्छ भारत मिशनबारे प्रश्नोत्तरी कार्यक्रम सञ्चालन गरियो, जहाँ विद्यार्थीहरूले सक्रिय रूपमा भाग लिए।

## Mangan-IEIAP-Sikkim INSPIRES: IPR

सिक्किम इन्स्पायर्स पहल अन्तर्गत समावेशी आर्थिक समावेशी कार्य योजनाबारे जिल्ला-स्तरीय परामर्श बैठक आज पेन्टोकमा आयोजित भयो। यो बैठक एकमहिने लामो सर्वेक्षण र मङ्गन जिल्लामा 25 GPU हरूमा केन्द्रित समूह छलफलमा आधारित थियो। बैठकको उद्देश्य वर्तमान गैर-कृषि आर्थिक गतिविधिहरूको मूल्याङ्कन गर्ने, सम्भावित अवसरहरूको पहिचान गर्ने, आर्थिक चुनौतिहरू बुझ्न र आर्थिक सशक्तिकरणमा सरकार, गैरसरकारी संस्था र अन्य सरोकारवालाहरूको भूमिकाको अन्वेषण गर्नु रहेको थियो।

## Weather: M.O Gangtok: MO

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 16 डिग्री सेल्सियस र न्यूनतम तापमन 10.4 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान 14 डिग्री सेल्सियस र न्यूनतम तापमान 9 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।